# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

उद्योग मन्त्रालयका सचिव श्री राधारमण उपाध्याय एशियाली उत्पादकत्व संगठन सम्बन्धी बैठकमा भागलिन मनिला जानु भएकोले उहाँ फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री रविदेव शर्मालाई मिति २०४४।३।७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,<br>
कर्णध्वज अधिकारी<br>
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०४४।२।२४ को निर्णयानुसार नेपाल वन सेवा, (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरू, २०३३ को नियम ३ को उपनियम (४क) ले दिएको अधिकार प्रयोग गरी उक्त नियमको अनुसूची १ (क) को २ (क) मा रहेको "कन्सल्टिङ्ग वैज्ञानिक अधिकृत" पछि "अतिरिक्त सचिव (प्रा)" पद नाम थप गरिएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,<br>
वीरेन्द्रनाथ खुंजेली<br>
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

260